मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

घरेलु हिंसा सामाजिक समस्याः पृष्ठ २मा

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २०९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार २ गते आइतवार (Sunday, 16 June 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



## कोशीको बजेट ३५ अर्ब २७ करोड

**झापा, असार १।** कोशी प्रदेश सरकारले ३५ अर्ब २७ करोड ९३ लाख रुपैयाँको अनुमानित आय-व्यय प्रस्तुत गरेको छ।

कोशी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर रानाले प्रदेशसभामा आर्थिक बर्ष २०८१/०८२ का लागि १४ अर्व ४७ करोड २३ लाख रुपैयाँ चालू खर्चका लागि विनियोजन गरिएको बताए। उनले पुँजीगततर्फ १६ अर्व २० करोड २० लाख रुपैयाँ बजेट बिनियोजन गरेको बताए।

उक्त खर्चका लागि प्रदेश सरकारले ४ अर्ब ९८ करोड रुयैपाँ राजश्वमार्फत उठाउने लक्ष्य लिएको छ। यस्तै राजश्व बाँडफाँडबाट १२ अर्ब ४० करोड ८ लाख, संघबाट प्राप्त हुने वित्तीय समानीकरण ८ अर्ब ९४ करोड ३२ लाख, सशर्त अनुदान ४ अर्ब १६ करोड ४३ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

यसैगरी समपूरक अनुदानबाट ६५ करोड ५० लाख र विशेष अनुदानबाट ७८ करोड १ लाख गरी ३१ अर्ब ९२ करोड ३४ लाख खर्च व्यहोरिने मगरले बताए। उनले बाँकी नगद मौज्दातबाट ३ अर्ब २५ करोड र वैदेशिक अनुदानबाट १० करोड ५९ लाख व्यहोरिने बताए।

प्रदेश सरकारले पूर्वाधारका लागि १० अर्ब ४१ करोड बजेट विनियोजन गरेको मगरले बजेट वक्तव्यमा बताए। प्रदेश सरकारले आगामी बर्षका लागि कृषिमा २ अर्ब ६७ करोड, खानेपानी तथा ऊर्जामा ४ अर्ब ७६ करोड, स्वास्थ्यमा ३ अर्ब ५८ करोड, सामाजिक क्षेत्रमा १ अर्ब ५८ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ।



यस्तै प्रदेश सरकारले पर्यटन, वन तथा वातावरण २ अर्ब ८२ करोड शान्ति सुरक्षा, सूचना तथा सञ्चारका लागि १ अर्ब ३ करोड बजेट विनियोजन गरेको छ।

**यस्ता छन् बजेटका मुख्य उद्देश्यहरु**

आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर रानाले प्रस्तुत गरेको बजेटमा सरकारी, निजी र सहकारी क्षेत्रको लगानी मार्फत प्रदेशको दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने, प्रदेशमा उपलब्ध स्रोत साधन र अवसरको न्यायोचित वितरणमार्फत समतामूलक समाजको निर्माणमा सहयोग गर्ने रहेको छ।

त्यस्तै भौगोलिक, धार्मिक एवम् सांस्कृतिक विविधतालाई सम्बोधन गर्दै प्रादेशिक विकासमा सन्तुलन कायम गर्ने,पर्यटन, कृषि, उद्योग र सेवा क्षेत्रमा उत्पादन र उत्पादकत्वमा वृद्धि गरी रोजगारी सिर्जना गर्दै गरीबी न्यूनिकरण गर्ने, संघीयता कार्यान्वयनको लागि संघ तथा स्थानीय तहसँगको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने, भ्रष्टाचारजन्य क्रियाकलापमा शून्य सहनशीलताको नीति अंगिकार गरी सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र सहज बनाइ सुशासन कायम गर्ने रहेका छन्।

**कनकाईमा विद्युतीय शवदाह गृह निर्माणका लागि दुई करोड**

आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर रानाले प्रस्तुत गरेको बजेटमा झापाको कनकाई नदीमा विद्युतीय शवदाह गृह निर्माणका लागि दुई करोड रुपैयाँ बजेट विनियोजना भएको छ। शबदाह गृह निर्माणमा स्थानीय तहको सहकार्य रहने बजेटमा उल्लेख छ।

त्यस्तै मेची प्रादेशिक अस्पताललाई उत्कृष्ट सेवा केन्द्रको रुपमा विकास गर्नुका साथै प्रदेश मातहतका पाँचथर, धनकुटा, उदयपुर, संखुवासभा, खोटाङ्ग जिल्ला अस्पतालबाट गुणस्तरीय आईसीयू/एनआईसीयूसहितको सेवा प्रवाह गर्न रु.६० करोड ५५ लाख बजेट विनियोजन भएको छ।

यता साना किसान लक्षित 'सुख्खा राहत स्यालो ट्युबवेल सिञ्चाइ विशेष कार्यक्रम' मोरङ, सुनसरी, उदयपुर, झापा र इलाम जिल्लामा नमूना योजनाको रुपमा सञ्चालनका लागि रू. ६ करोड विनियोजन भएको छ। प्रदेशको समग्र पर्यटन क्षेत्रको विकास प्रवर्द्धन, प्रचारप्रसारमार्फत आन्तरिक, भारतीय तथा तेस्रो मुलुकका पर्यटकहरुको आगमन अभिवृद्धि गरी स्थानीय, प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्र अभिवृद्धिका लागि वि.सं. २०८२ लाई कोशी प्रदेश पर्यटन वर्षको रुपमा मनाउन १० करोड विनियोजन भएको छ।

## ७१ जिल्लामा फैलियो डेंगु सङ्क्रमण




**सुनसरी, असार १।** डेङ्गु रोगको सङ्क्रमण ७१ वटा जिल्लामा फैलिएको छ। गत जेठ ११ गतेसम्म ५७ जिल्लामा फैलिएको डेङ्गु हाल ७१ जिल्लामा पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालय अन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखा प्रमुख डा. गोकर्णप्रसाद दाहालले मौसम परिवर्तनसँगै गर्मीका कारणले डेङ्गुको सङ्क्रमण बढेको बताए। उनले गर्मीमा मानिसले पानी सङ्कलन गरेर राख्ने र सङ्कलन गरिएको पानीमा लामखुट्टे रहने भएकाले डेङ्गुको जोखिम बढेको बताए। गर्मीमा पानी सङ्कलन गरेर राख्ने गरिन्छ, त्यसरी सङ्कलन गरिएको पानीमा लामखुट्टेले फुल पार्दछ।

सफा पानीमा त्यही लार्भा बन्ने र मानिसलाई टोक्ने गर्दछ- डा. दाहालले भने। उनका अनुसार ७१ जिल्लामा एक हजार एक सय ३० जनामा सङ्क्रमणमा देखिएको छ। गतवर्ष ७७ जिल्लामा ५१ हजार एक सय ४३ जनालाई डेङ्गु रोगको सङ्क्रमण देखिएको थियो।

उनका अनुसार कोशी प्रदेशमा दुई सय ७२, मधेश प्रदेशमा ३०, बागमती प्रदेशमा तीन सय ९०, गण्डकी प्रदेशमा एक सय ७५, लुम्बिनी प्रदेशमा एक सय ३२, कर्णाली प्रदेशमा १६ र सुदूरपश्चिम प्रदेशमा एक सय १५ जनामा सङ्क्रमण देखिएको छ।

## झापामा कृषि प्रवर्द्धनका लागि १० करोड ५३ लाख

**बनियानी, असार १।** झापामा कृषि क्षेत्रको प्रवर्द्धनका लागि कोशी प्रदेश सरकारले रु. १० करोड ५३ लाख अनुदान प्रदान गरेको छ। जिल्लामा सञ्चालित कृषिका प्रवर्द्धनात्मक कार्यक्रमबाट प्रतिफल पनि प्राप्त भएको छ।

चालू आवमा जिल्लामा कृषि प्रवर्द्धनका लागि कोशी प्रदेश उद्योग, कृषि तथा सहकारी मन्त्रालयले यहाँका १४ वटा स्थानीय तहलाई रु. नौ करोड पाँच लाख र कृषि ज्ञान केन्द्रमार्फत रु. एक करोड ४८ लाख उपलब्ध प्रदान गरेको जिल्ला कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख सागर विष्टले जानकारी दिए।

कोशी प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको सशर्त अनुदानमा कृषि बजार निर्माण र सिञ्चाइलाई बढी प्राथमिकता दिएको छ। जिल्लाका छ पालिकाका १२ स्थानमा कृषि बजार निर्माण तथा पूर्वाधार विकासका लागि रु. तीन करोड ४० लाख, ११ वटा पालिकामा सिञ्चाइ विस्तारका लागि रु. तीन करोड सशर्त अनुदान दिएको प्रमुख विष्टले जानकारी दिए।

जिल्लाका तीनवटा पालिकामा कृषि यान्त्रिकीकरणका लागि रु. ५५ लाख, गह्रा सुधार तथा चक्लाबन्दी खेतीका लागि रु. ४० लाख, तोरी खेती तथा मौरीपालनको प्रवर्द्धन र तोरी प्रशोधन उपकरण खरिदका लागि रु. ६० लाख उपलब्ध गराएको ज्ञान केन्द्रले जनाएको छ।

नमूना कष्टम हाउसिङ सेन्टर स्थापनाका लागि रु. ६० लाख, प्राङ्गारिक मल उत्पादन पूर्वाधार निर्माण गर्न रु. ३० लाख र तरकारी सङ्कलन केन्द्र निर्माण गर्न रु. २० लाख स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराएको छ। कोशी प्रदेश सरकारले ज्ञान केन्द्रमार्फत जिल्लामा युवा लक्षित कार्यक्रमलाई प्राथमिकता दिएको छ। युवा लक्षित तरकारी, च्याउ, मह उत्पादन कार्यक्रमअन्तर्गत ३९ जना युवालाई रु. एक/एक लाख अनुदान दिएको छ।

यसैगरी, सुपारी प्रशोधन उद्योग पूर्वाधार यन्त्र उपकरण सहयोग अन्तर्गत सातवटा उद्योगलाई रु. ४० लाख, जैविक विषादी उत्पादनका लागि एउटा कृषि सहकारी र फार्मलाई रु ७५/७५ हजार, जुटखेती प्रवर्द्धनका लागि छजना किसानलाई रु. पाँच लाख, गड्यौँला मल तथा प्राङ्गारिक मल उत्पादनका लागि रु. पाँच लाख, मागमा आधारित

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'अब कांग्रेसले गठबन्धन गर्दैन'



**काठमाडौं, असार १।** नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले आगामी निर्वाचनमा कांग्रेसले कुनै पनि राजनीतिक दलसँग गठबन्धन नगर्ने दावी गरेका छन्।

भक्तपुरको सूर्यविनायकमा शनिवार आयोजित शहीद राधेश्याम जोन्छेको १२औं वार्षिकीमा उनले आगामी निर्वाचनमा कांग्रेस एक्लै प्रतिस्पर्धामा उत्रने बताए। उनले गठबन्धनको अनुभव पार्टीलाई भएको भन्दै त्यसतर्फ नलाग्ने नेतृत्वको अनौपचारिक निर्णय सुनाए।

नेपाली कांग्रेसमा आन्तरिक लोकतन्त्रको राम्रो अभ्यास भइरहेको बताउँदै महामन्त्री शर्माले कांग्रेस केन्द्रमा मात्र नभई तल्लो तहदेखि नै बदलिनुपर्नेमा जोड दिए। नेपाली कांग्रेस भक्तपुरका सभापति दुर्लभ थापाले नेपाली कांग्रेसलाई अहिलेको अवस्थामा ल्याउन जोन्छेको योगदान अतुलनीय रहेको बताए। उनले कांग्रेसलाई जिल्लामा एक ढिक्का बनाएर अघि बढाएका कारण अहिले भक्तपुर

*(बाँकी अन्तिम पृष्ठमा)*

## महिलाको सक्रियतामा सेनेटरी प्याड उत्पादन

**तोयानाथ भट्टराई**

**इलाम, असार १।** इलाम नगरपालिकाका महिलाले व्यवसायिक रूपमा सेनेटरी प्याड उत्पादन गरिरहेका छन्। उनीहरूले प्याड उत्पादनसहित त्यसको प्रयोगका वारेमा युवतीदेखि महिलासम्मलाई सचेतना जगाउने अभियान समेत चलाएका छन्।

महिलाहरूलाई रोजगारी सिर्जना गर्दै आवश्यकतालाई परिपूर्ति गर्ने उद्देश्यले नारी शक्ति नेपालले सेनेटरी प्याड उत्पादन उद्योग सञ्चालनमा ल्याएको हो। उद्योग स्थापनाका लागि इलाम नगरपालिकाले आर्थिक सहयोग गरेको छ। अहिले सञ्चालित उद्योगबाट दैनिक तीन सय प्याकेट प्याड उत्पादन हुने गरेको छ। उद्योगले महिलाहरूलाई प्रति प्याकेट ९५ रूपयाँमा प्याड विक्री गर्ने गरेको छ। उद्योगका लागि नगरपालिकाले तीन लाख २० हजार रुपैयाँ अनुदान दिएको हो। कूल २५ लाख रुपैयाँ लगानी भएको उद्योगमा १० लाख रुपैयाँ कर्जा र बाँकी



संस्थाको लगानी रहेको सस्थाकी सचिव बिना बस्नेतले जानकारी दिइन्। हाल ब्राण्डिङ, प्याकेजिङ, लेबलिङ नभइरहेको उद्योगमा बजारको अवस्था हेरेर उत्पादनका सबै काम गरिने उनले बताइन्।

उद्योगमा अहिले केही महिलाले रोजगारीसमेत पाइरहेका छन्। स्थानीयस्तरमा नै व्यावसायिक सिपमूलक तालिमबाट सिकेर महिलाले सामुहिक लगानी गरी प्याड उत्पादन गर्न शुरू गरेको संस्थाकी अध्यक्ष बबिता लिङ्दमले

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोशी प्रदेशमा आज बिदा

**झापा, असार १।** कोशी प्रदेश सरकारले असार २ गते धिमाल जातिका लागि बिदा दिने निर्णय गरेको छ।

शनिबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले धिमाल जातिको प्रमुख पर्व जातिरी/सिरिजातको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको हो। सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानूनमन्त्री लीलाबल्लभ अधिकारीले प्रदेशमा रहेका धिमाल जातिका लागि आइतबार सार्वजनिक विदा दिने निर्णय भएको जानकारी दिए। यस्तै बैठकले प्रदेश योजना आयोगले तयार पारेको प्रदेशको दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६ ) परिमार्जनसहित स्वीकृत गर्ने निर्णय गरेको छ।

अधिकारीले प्रदेश आर्थिक विधेयक २०८१ र विनियोजन विधेयक २०८१ तथा आगामी वर्ष २०८१/०८२को बजेट वक्तव्य प्रदेशसभामा पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको बताए।

## मायादेवीको लोभलाग्दो जैविक तरकारी खेती

**भोजपुर, असार १।** भोजपुरको टेम्केमैयुङ गाउँपालिका-४ नागी घोरालुङ चारघरेकी उद्यमशील एकल महिला मायादेवी राई व्यावसायिक तरकारी खेतीमा लागेर उदाहरणीय बनेकी छिन्। विगत दुई वर्षअघिबाट व्यावसायिक तरकारी खेतीमा लागेकी उनले दुई रोपनी क्षेत्रफलमा व्यावसायिक रुपमा तरकारी खेती गरिरहेकी छिन्। उनी पशुपन्छी तथा मत्स्यपालन फार्म नै दर्ता गरेर व्यावसायिक तरकारी खेतीमा जुटेकी हुन्।

उनले भनिन्- गाउँमा नै बन्दाकोभी, काउली, ब्रोकाउली, टमाटर, क्याप्सिकम, इक्वास प्याजलगायतको व्यावसायिक खेती गर्दै आएकी छिन्। उनले गाउँघरमा पाइने गाई, भैँसी, बाख्रा बङ्गुरलगायतको प्राङ्गारिक मलको मात्र प्रयोग गरेर जैविक उत्पादन गर्दै आएको बताइन्। मैले दुई वर्षअघिबाट व्यावसायिक रुपमा जैविक तरकारी उत्पादन गरिरहेकी छु- उनले भनिन्- यहाँ उत्पादन भएको तरकारी स्थानीय बजारमा लगेर बिक्री गर्छु।



आफूले गरेको मेहनतले घरखर्च चलाउन समस्या छैन। तरकारी खेतीलाई थप विस्तार गरेर वार्षिक रु. चारदेखि पाँच लाखसम्म आम्दानी गर्ने सोचका साथ काम गरिरहेकी छु।

विगतमा शिक्षण पेशामा रहेको भए पनि यसलाई छाडेर व्यावसायिक रुपमा तरकारी खेतीमा लागेको उनको भनाइ छ। मेहनत गर्नसकेमा कृषि कर्मबाट पनि राम्रो आम्दानी गर्न सकिने उनले बताइन्।

कृषि कर्ममा लागेर राम्रो आम्दानी गर्न सकिन्छ- उनले भनिन्- तर हामीले व्यावसायिक बन्न चाहि सक्नुपर्छ। मैले गाउँघरमा मागेर खाने चलनको अन्त्य गर्नको लागि व्यावसायिक बन्न छर छिमेकीलाई समेत आवश्यक सल्लाह दिँदै आएकी छु।

उत्पादन भएको कृषिउपजको बजारीकरणमा भने समस्या रहेको उनको बताइन्। राज्यको तर्फबाट आवश्यक सहयोगसँगै बजारीकरणमा ध्यान दिए धेरै किसानलाई राहत मिल्ने व्यवासायी उद्यमी राईको भनाइ छ। कृषिमा नै भविष्य देखेर व्यावसायिक रुपमा लागेका कृषकलाई राज्यले प्राथमिकता दिनुपर्ने उनको बताइन्। आफ्नो गाउँका ४० एकल महिला मिलेर 'एकल महिला बहुउद्देश्यीय सहकारी' गठन गरेर कृषिको क्षेत्रमा काम गरिरहेको उनले जानकारी दिइन्।

हामी एकल महिला मिलेर सहकारीमार्फत पनि कृषिको क्षेत्रमा काम गरिरहेका छौं- उनले भनिन्-

*(बाँकी अन्तिम पृष्ठमा)*

## २२ जना जुवाडे पक्राउ

**काठमाडौं, असार १।** जुवा खेलिरहेको अवस्थामा २२ जनालाई प्रहरीले पक्राउ गरेको छ।

गोकर्णेश्वर नगरपालिका-४ गोकर्ण माइती नेपाल चोकस्थित कमला पौडेलको जस्ताको टहरामा जुवा (कौडा) खेलिरहेको अवस्थामा काठमाडौं कपन

*(बाँकी अन्तिम पृष्ठमा)*

'शिक्षा जीवनको ज्योति हो, जगाऔं सबै मिली'

**इन्द्रचन्द्र क्याम्पस**

विर्तामोड, झापाको — मिति २०८१।०२।२९

**सूचना ! सूचना !! सूचना !!!**

**यस इन्द्रचन्द्र क्याम्पस, बिर्तामोड–६, झापाको स्थापनाको ११औं वर्षको अवसरमा यस क्याम्पसमा अध्ययनरत जेहेन्दार, विपन्न, सीमान्तकृत, द्वन्द्व पीडित एवम् दलित विद्यार्थीहरुको शैक्षिक यात्रालाई उत्प्रेरणा प्रदान गर्ने तथा क्याम्पसमा भविष्यमा आइपर्न सक्ने विपद् व्यवस्थापनलाई समेत सम्बोधन गर्ने मूल उद्देश्यका साथ यस क्याम्पसमा विद्यार्थी कल्याण अक्षयकोष स्थापना गर्न लागिएको छ। यस अक्षय कोषमा आफ्नो मन, वचन र कर्मले सहयोग गर्न सम्पूर्णदाता महानुभावहरुमा सहर्ष जानकारी गराउँदै यो सूचना प्रकाशित गरिएको छ।**

**प्रकाश दाहालः क्याम्पस प्रमुख**



**धिमाल जातिको प्रतिमा:** दमक नगरपालिकाको कार्यालयमा निर्मित आदिवासी धिमाल जातिको प्रतिमा । नगरपालिकाले पहिलो नगरसभाबाटै धिमाललाई 'प्रथम नागरिक' घोषणा गरिएको थियो । तस्वीरः रासस

# सालबारीमा निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर

**अर्जुनधारा, असार १।** शनिश्चरे आयुर्वेद औषधालयको आयोजनामा झापाको अर्जुनधारा-११स्थित सालबारीमा एक दिने विशेषज्ञ सेवासहितको निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर शनिबार सम्पन्न भएको छ ।




स्थानीय महारानीगञ्ज माध्यमिक विद्यालयको प्राङ्गणमा आयोजित उक्त शिविर आयुर्वेद सेवामा सबैको पहुँच विस्तार एवम् स्थानीयस्तरमा रहेका मलद्वारमा हुने रोगहरु, नशा रोग तथा जोर्नीको समस्या भएका बिरामीहरुलाई लक्षित गरी सञ्चालन गरिएको औषधालयका प्रमुख वरिष्ठ कविराज अनिल ठाकुरले जानकारी दिए ।

वडाध्यक्ष खगेन्द्र इङनामको अध्यक्षतामा आयोजित उक्त शिविरको प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाकी उपप्रमुख खड्गमाया पराजुलीले उद्घाटन गरेकी थिइन् । अर्जुनधारा-१०का वडाध्यक्ष भूपेन्द्र न्यौपानेले मन्तव्य राखेको कार्यक्रममा शिविरको औचित्यसहित स्वागत औषधालय प्रमुख ठाकरले र कार्यक्रमको सञ्चालन दूधे आयुर्वेद औषधालयका कविराज निरीक्षक राजेन्द्र पोखरेलले गरेका थिए ।

प्रादेशिक आयुर्वेद अस्पताल लखनपुरका शल्य चिकित्सक डा. बिनोदकुमार यादव, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र झापाका प्रमुख डा. अनिलकुमार यादव र डा. सुरज पन्तलगायतले बिरामीहरुको स्वास्थ्य परीक्षण गरेको शिविरमा एक सय ६२ जना बढीले सेवा लिएका छन् । औषधालयका प्रमुख ठाकुरका अनुसार बिरामीको जाँच, परामर्श, उपचारसँगै औषधी वितरण गरिएको उक्त शिविरमा सहभागी धेरै बिरामीहरुमा पायल्स, नशा रोग, बाथ रोग तथा जोर्नीको समस्या रहेको बताइएको छ ।

## दशनामी झापाले तोक्यो पालिका, क्षेत्र र जिल्लाको अधिवेशन

**बिर्तामोड, असार १।** नेपाल दशनामी समाज झापाले गाउँ, नगर, क्षेत्र र जिल्ला अधिवेशनको मिति तोकेको छ । समाजले भदौ मसान्तसम्ममा गाउँपालिका तथा नगरपालिकाको, कार्तिक मसान्तसम्म क्षेत्रको र चैत मसान्तसम्ममा झापा जिल्लाको अधिवेशन गर्ने भएको हो ।

समाजका झापा अध्यक्ष केदार गिरीको अध्यक्षता तथा केन्द्रीय संरक्षक भरतलाल गिरीको प्रमुख आतिथ्यमा बिर्तामोडमा शनिवार बसेको पूर्ण बैंठकले अधिवेशनको मिति तय गरेको सचिव युवराज गिरीले जानकारी दिए । गिरीका अनुसार बैठकले समाजको बुट्टाबारीमा रहेको समाजको भवनमा शौचालय निर्माणलगायतका निर्णयसमेत गरेको छ ।




कार्यक्रममा केन्द्रीय सहकोषाध्यक्ष गोबिन्द गिरी, पूर्व केन्द्रीय सदस्य लवकुश गिरी, समाजका कोशी प्रदेश सदस्य कृष्ण बन, सीता भारती, झापा पूर्वअध्यक्ष खिलबहादुर गिरी (राजु), झापा उपाध्यक्ष सन्तोष गिरी, सह-सचिव हर्कलाल गिरी, कोषाध्यक्ष बालकृष्ण गिरी, बिर्तामोड नगर अध्यक्ष खड्गराज गिरी तथा पदाधिकारी र सदस्य, अर्जुनधारा नगर अध्यक्ष होमनाथ पुरी, मेचीनगर नगर अध्यक्ष भूपेन्द्र गिरी, भद्रपुर नगरका इन्द्र बनलगायतको उपस्थिति रहेको थियो ।

# नेपालमा पहिलोपटक अन्तर्राष्ट्रिय राजवंशी सांस्कृतिक महोत्सव

**झापा, असार १।** नेपालमा पहिलोपटक छैटौं संस्करणको अन्तर्राष्ट्रिय राजवंशी सांस्कृतिक, पर्यटन तथा चलचित्र महोत्सव सम्पन्न भएको छ ।

भारतका विभिन्न स्थानमा विगत ५ वर्षदेखि महोत्सव हुँदै आएकोमा यसवर्ष झापाको कन्काई-९ घैलाडुब्बामा महोत्सव गरिएको हो । राजवंशी समुदायको समृद्ध साँस्कृतिक सम्पदालाई संरक्षण, पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको महोत्सवमा राजवंशी समुदायमा लोकप्रिय र चर्चित उत्कृष्ट फिल्म, निर्माता, निर्देशक, कलाकारलगायतलाई अवार्ड प्रदान तथा सम्मान गरिएको थियो । उत्कृष्ट फिल्म निर्देशक, फिल्मसहित विभिन्न विधामा अवार्डहरु वितरण गरिएको हो । कार्यक्रममा उत्कृष्ट पपुलर फिल्मको अवार्ड विदेशी हावाले हात पारेको छ । सो फिल्मबाट सन्देश सहनीले अवार्ड प्राप्त गरे ।

यस्तै, उत्कृष्ट निर्देशकमा सनार पिन्जराकातर्फबाट धीरु रोय, उत्कृष्ट अभिनेतामा देवसरी फिल्मका मनोरथ मानव, उत्कृष्ट अभिनेत्री सनार पिन्जरा, उत्कृष्ट सिनेमाटोग्राफीमा आन्धार जीवन, उत्कृष्ट फिल्म सम्पादन मोनेर मान्सीका निरेन रोय, उत्कृष्ट कला निर्देशक देवसरी, उत्कृष्ट खलनायक मावेर आर्शिवादबाट पुकार भट्टराई, उत्कृष्ट स्क्रीप्टमा सनार पिन्जारबाट धीरु रोय, उत्कृष्ट फिल्म देवसरी र उत्कृष्ट सर्पोटिङ कास्टमा तहरे यादतले अवार्ड जिते ।

यस्तै, उत्कृष्ट नाटक हु आर यू, डाइलग होथट सञ्जीव बर्मा, क्रिएटीभ कन्सेप्ट गोछीपूर्णले अवार्ड प्राप्त गरेको छ । निर्देशक पुकार भट्टराई, आसामका निर्देशक निलिमोई प्रोधानी, डेभिड राय, मिस कोच बिजेता हेरोलिन कोच, नायिका प्रतिमा सिंह, गायिकाहरु साक्षी राय, देवजनी सिल, देशी ढोलगुरु धनञ्जय राय, उत्तरदिनाजपुर भारतका महलालसिंह, लेखक अरुप ज्योति दास र नायक प्रदीपकुमार रायले उत्कृष्ट नायक अवार्ड प्राप्त गरे ।

कोच राजवंशी सांस्कृति संरक्षण तथा प्रवर्द्धन केन्द्र र राजवंशी समाज विकास समिति नेपालको संयुक्त आयोजनामा भएको कार्यक्रममा सँस्कृति झल्किने ग्वालिनी, हुदुमलगायतका नाच, देशी ढोललगायत प्रस्तुति रहेको थियो ।

कोच राजवंशी साँस्कृति संरक्षण तथा प्रवर्द्धन केन्द्रका अध्यक्ष प्रेमप्रसाद राजवंशीले अध्यक्षता गरेको कार्यक्रमको प्रमुख अतिथिमा राजवंशी डेभलपमेन्ट एण्ड कल्चरल बोर्डका अध्यक्ष बंशीबदन बर्मन रहेका थिए । सो अवसरमा राजवंशी समाज विकास समितिका केन्द्रीय अध्यक्ष अभय राजवंशीले राजवंशी, ताजपुरिया समाज कल्याण परिषद्का केन्द्रीय अध्यक्ष पूर्णलाल ताजपुरियाले शुभकामना मन्तव्य राखेका थिए ।

## पाथीभरामा १६ लाख ५० हजारभन्दा बढी भेटी संकलन



**फुङ्लिङ, असार १।** ताप्लेजुङको पाथीभरा (मुकुमलुङ)मा जेठ महिनामा १६ लाख ५० हजार भेटी सङ्कलन भएको छ । पाथीभरामा पूजापाठ गर्न पुगेका भक्तजनले चढाएको भेटीका रूपमा सो बराबरको नगद सङ्कलन भएको हो ।

पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङका अनुसार जेठ महिनामा रु. १६ लाख ६५ हजार नौ सय ५६ सङ्कलन भएको छ । सङ्कलित भेटी बैंकमा जम्मा गरिएको पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ । समितिले मन्दिरको आय हरेक महिना सार्वजनिक गर्दै आएको छ । चालू आर्थिक वर्षको जेठसम्ममा दुई लाख २८ हजार आठ सय ९६ जनाले पाथीभरा मन्दिरमा पूजा गरेका समितिले जनाएको छ ।

# व्यवसायी राहत कोषमा पाण्डेको सहयोग

**झापा, असार १।** 'जीपी पाण्डे' अर्थात घनेन्द्रराज पाण्डे पेशाले व्यवसायी हुन् । घर जग्गा तथा मोवाइल व्यवसाय गर्दै आएका उनले व्यवसायीका हरसमस्यालाई नजिकबाट नियालेका छन् ।

अझ व्यवसाय क्षेत्रमा अकल्पनीय रुपमा हुने घटनका कारण व्यवसायीले व्यहोर्नुपरेको क्षतिमा तत्काल राहत उपलब्ध गराउने उद्देश्यले बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको 'व्यवसायी राहत कोष' मा सहयोगका गरेका छन् ।

संघले केही समय अघि मात्र स्थापना गरेको एक करोड रुपैयाँको व्यवसायी राहत कोषमा पाण्डेले जन्मदिनको अबसर पारेर २१ हजार एक सय ११ रुपैयाँ प्रदान गर्दै संघको सकारात्मक कार्यको प्रशंसा गरे । उनले भने- व्यवसायीलाई विपद् पर्दा सहयोग पुऱ्याउन कोष स्थापना भएको छ, यो नै खुशीको कुरा हो- कोषबृद्धिमा मेरो पनि थोरै सहयोग रहन्छ । सबै व्यवसायीले सहयोग गर्दै कोषलाई बढाएर लानुपर्छ- पाण्डेले भने । जन्म दिनको अबसरमा अधिकांशले फजुल खर्च



गर्छन्- पाण्डेले भने- सामाजिक हितका लागि त्यो पैसा खर्च गर्दा भोलि विपद्मा पर्नेलाई राहत उपलब्ध गराउन मद्दत पुग्छ । तसर्थ म सबैलाई अपिल गर्न चाहन्छु, कोष बृद्धिमा तपाईएको पनि योगदान रहोस् ।

पाण्डेले संघका अध्यक्ष राजु न्यौपानेलाई रकम प्रदान गर्दै अध्यक्ष लगायत सबै पदाधिकारीलाई धन्यवाद समेत दिए । सो कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष राजकुमार घिमिरे 'राजु', कोषाध्यक्ष युवराज निरौला, व्यवसायी राजेन्द्र थापा, सञ्चार उद्यमी राजेन्द्र चम्लागाँई लगायतको उपस्थिति रहेको थियो ।

# 'सिंघम ३' तिहारमा, नेपाली फिल्म भाग्ने कि भीड्ने ?



नेपाली फिल्मलाई सबैभन्दा ठूलो डर भनेकै विदेशी फिल्म हो । त्यसमा पनि अझ बढी बलिउड र साउथ । यी दुई इन्डस्ट्रीका ठूला 'स्टार' र 'सिक्वेल' फिल्मसँग जुध्नु भनेको आफ्नै खुट्टामा बञ्चरो हान्नु मानिन्छ । यसैले उताको रिलिज क्यालेन्डर हेरेर मात्र यताको रिलिज तय गरिन्छ । तर, जब बलिउड र साउथ फिल्मको रिलिज हेरफेर हुन्छ तब नेपाली फिल्मको रिलिज 'सेड्युल' नै विग्रिन्छ ।

आगामी साउन ३१ गते प्रदर्शनमा आउने भनिएको साउथ फिल्म 'पुष्पा २' पोस्टपोन्ड भएर अब दशैंमा आउनसक्ने चर्चाले यतिबेला फिल्म क्षेत्रमा राम्रै हलचल ल्याइरहँदा बलिउडको ठूलो फिल्म 'सिंघम ३' तिहारमा आउने निश्चित भएपछि नेपाली निर्माताहरुलाई टाउको दुखाईको विषय बनेको छ । किनकि, तिहारलाई लक्षित गरेर केही नेपाली फिल्मको प्रदर्शन मिति घोषणा भइसकेको छ ।

तिहारको लक्ष्मीपूजा (कात्तिक १५)मा अभिनेता प्रदीप खड्का अभिनीत फिल्म 'एक्टर' आउने तयारीमा छ । त्यस्तै, हाँस्य अभिनेता जितु नेपाल स्टारर फिल्म 'ज्वाइँसाब'ले पनि तिहार विदा 'बुक' गरेर बसेको छ । अभिनेता अनमोल केसीको नयाँ फिल्म 'जेरी अन टप' पनि तिहार विदामा आउने चर्चा छ । अब तिहारमै 'सिंघम ३' आउने भएपछि नेपाली फिल्मको रिलिज प्रभावित हुने देखिन्छ ।

'सिंघम ३'का अघिल्ला दुई श्रृंखला नेपालमा राम्रो चलेका थिए । त्यसमाथि यसपटक फिल्ममा 'स्टार' कलाकारको झुण्ड छ । अजय देवगनसहित फिल्ममा अक्षय कुमार, करिना कपूर, दीपिका पादुकोण, रणवीर सिंह, टाइगर श्राफ आदिको अभिनय छ । एकातिर सफल फ्रेन्चाइज र अर्कोतिर ठूला स्टार भएकाले यो फिल्मले नेपालको बक्सअफिसमा ठूलै हलचल ल्याउने आँकलन गरिएको छ ।

त्यसो त तिहारमा बलिउडबाट 'सिंघम ३' मात्र छैन । अर्को सिक्वेल फिल्म 'भूल भूलैया ३' पनि प्रदर्शन हुँदैछ । यी दुईवटा फिल्मको डरले अब कुन-कुन नेपाली फिल्मले मैदान छाड्छन्, त्यो हेर्न बाँकी छ । तर, गत वर्षको तिहारमा ठूलो बलिउड फिल्म 'टाइगर ३' आउँदा पनि 'दिमाग खराब'ले बाजी मारेको नजीर छ । यसैले अब भिड्न आँट गर्ने कि भाग्न बाटो खोज्ने, त्यो निर्माताकै हातमा छ ।

## 'गाउँ आएको बाटो' दोस्रो सातामा


साम्राज्ञी शाहको शीर्ष भूमिका रहेको फिल्म 'लण्डन टु पेरिस' एक सातामै हलबाट हटेको छ । कमजोर व्यापारपछि मल्टिप्लेक्स चेनहरुले दोस्रो शुक्रबारदेखि फिल्मको शो हटाएका हुन् ।

सन्तोषजनक शो पाएको फिल्मले दर्शकलाई हलसम्म तान्न सकेन । साम्राज्ञीको फिल्म करिअरमा 'ह्यारीकी प्यारी'पछि 'लण्डन टु पेरिस'को यो नतिजा स्तब्ध पार्ने अर्को घटना हो । साम्राज्ञीको करिअरमा ड्रिम्स, ए मेरो हजुर २, इन्टुमिन्टु लण्डनमा, रातो टीका निधारमा र नांगो गाउँ चलेका फिल्म हुन् । तर उनका अन्य फिल्मले बक्स अफिसमा आफूलाई स्थापित गर्न सकेनन् ।

**'गाउँ आएको बाटो' दोस्रो सातामा**

नवीन सुब्बा निर्देशित सोसल-ड्रामा 'गाउँ आएको बाटो'ले समग्रमा पहिलो साता सन्तोषजनक व्यापार गरेको छ । यद्यपि, निर्माताले आधिकारिक कमाइबारे पुष्टि गरेका छैनन् ।

फिल्मले दोस्रो शुक्रबार देशव्यापी ५० प्रतिशत अकुपेन्सीको हाराहारीमा शोलाई निरन्तरता दिएको छ, जुन दयाहाङ राई स्टारर फिल्मका लागि राहतको खबर हो । विशेषगरी पूर्वी नेपालका सहरमा अन्यत्रभन्दा राम्रो कमाइ गरेको यो फिल्मले काठमाडौंका एफक्युब र लबिममा दर्शकको राम्रो साथ पाएको छ । आमोद राईले निर्माण गरेको यो फिल्म २१ जुनदेखि अमेरिका र बिहीबारदेखि मध्यपूर्वमा समेत रिलिज भएको छ ।



### मायादेवीको ...

एकल भएर पनि समाजमा उदाहरणीय काम गरौँ भनेर हामी एकजुट भएका हौँ । सहरकारीमार्फत १४ टनेल निर्माण तरकारी खेतीको काम भइरहेको छ । उन्नत जातको बीउबिजन नपाउँदा भने समस्या हुने गरेको उनको भनाइ छ ।

टेम्केमैयुङ गाउँपालिकामा कृषिको राम्रो सम्भावना रहेकाले कृषि र पर्यटनलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको गाउँपालिकाका उपाध्यक्ष रमादेवी राईले बताइन् । गाउँपालिकाले यहाँको माटो सुहाउँदो बालीको विस्तारमा जोड दिएको उनको भनाइ छ । गाउँपालिकाको तर्फबाट विभिन्न वडाका किसानलाई आवश्यक सहयोग गरिरहेको उनले जानकारी दिइन् ।

हाम्रो गाउँपालिकामा कृषि र पर्यटनको राम्रो सम्भावना छ- उपाध्यक्ष राईले भनिन्- गाउँपालिकाको नीति निर्माण गर्दा हामीले यी दुई विषयमा जोड दिएका छौँ । कृषकलाई व्यावसायिक बनाएर आयआर्जनसँग जोड्न विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छौँ । किसानलाई मौरीपालन, जडीबुटी खेती, सुन्तला, कागती खेतीलगायतमा व्यावसायिक बन्न गाउँपालिकाले आवश्यक सहयोग गरिरहेको उनको भनाइ छ । कृषकको व्यावसायिक योजनाको आधारमा गाउँपालिकाले भावी दिनमा पनि प्रोत्साहनको कार्यक्रम सञ्चालन गर्ने उपाध्यक्ष राईको भनाइ छ ।

### झापामा ...

कार्यक्रमका लागि रु. १२ लाख ५० हजार र केराखेतीका लागि ढुवानी साधनमा सहयोगका लागि रु. १५ लाख अनुदान उपलब्ध गराएको ज्ञान केन्द्रले जनाएको छ ।

कृषि प्रवर्द्धन कार्यक्रमले जिल्लामा मकै र धान उत्पादन बढेको बताइएको छ । मकै उत्पादकत्व पाँच मेट्रिकटन प्रतिहेक्टरबाट वृद्धि भई सात मेट्रिकटन पुगेको तथा धानको चार दशमलव पाँचबाट वृद्धि भएर पाँच दशमलव पाँच मेट्रिकटन प्रतिहेक्टर पुगेको ज्ञान केन्द्रका निमित्त प्रमुख विष्टले बताए ।

### महिलाको ...

जानकारी दिइन् । उद्योगबाट उत्पादित सामग्रीले बजारसमेत सहजै पाउन थालेको अध्यक्ष लिङ्दमले बताइन् । अहिलेसम्म उद्योगमा जति प्याड उत्पादन गरिसकिएको छ, सबै स्थानीय बजारमा नै खपत भएको छ । कतिपय स्थानीय व्यापारीले उद्योगमै आएर पनि विक्रीका लागि लैजान थालेको उनले बताइन् ।

उद्योगमा जोडिएका समूहका सदस्य पालैपालो उद्योगको काममा खटिने गरेका छन् । समूहले ठूलो मात्रामा प्याड उत्पादन गरी त्यसको बजार व्यवस्थापन गर्न पालिकासँग पनि आवश्यक समन्वय गरिरहेको सचिब बस्नेतले जानकारी दिइन् । इलाम नगरपालिकाकी उपप्रमुख विष्णु दाहालले समूहलाई उद्योग सञ्चालनका लागि नगरपालिकाले सहयोग गरिरहेको बताएकी छन् ।

### २२ जना ...

बस्ने नुवाकोट शिवपुरी गाउँपालिका-१ घर भएका ४० वर्षीय बेलकुमार खड्का समेत २२ जनालाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी परिसर काठमाडौं र प्रहरी वृत्त बौद्धबाट खटिएको संयुक्त टोलीले उनीहरूलाई नगद ३ लाख ६६ हजार ३ सय ८५ रूपैयाँ र ८ थान कौडासहित पक्राउ गरेको हो ।

### अब ...

जिल्लामा पार्टी पहिलो बन्न सफल भएको बताए । प्रतिष्ठानकी अध्यक्ष रजनी जोन्छेले निःसहायलाई पढाउन छात्रवृत्तिकोष विस्तार गरी त्यसमा रु. पाँच लाख थपिने जानकारी दिए ।

चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले जोन्छेलगायत शहीदले पार्टीका लागि पुऱ्याएको योगदानको चर्चा गरे । नेपाली कांग्रेस भक्तपुरका पूर्वजिल्ला सभापति गणेशमान चक्रधरले आफ्नो कुरा स्पष्ट राख्ने निडर जोन्छेजस्तो व्यक्तित्व अहिले पार्टीमा कोही नभएको बताए ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् भक्तपुरका पूर्वसभापति मदनकृष्ण श्रेष्ठले माओवादीको कडा आलोचक भएकै कारण जोन्छेलाई माओवादीले गोली हानेका बताए । नेपाली कांग्रेस भक्तपुरका पूर्वजिल्ला सभापति तिलकप्रसाद कायस्थ, प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष बाबुराजा जोशी, महासचिव जगन्नाथ कार्कीलगायतले नेपाली कांग्रेसका लागि जोन्छेले पुऱ्याएको योगदानको चर्चा गरेका थिए ।

कार्यक्रममा मेधा माध्यमिक विद्यालयमा अध्ययनरत् एक विद्यार्थीलाई रु. १२ हजार र सुवर्णेश्वर आधारभूत विद्यालयका दुई छात्रालाई जनही रु. आठ हजार छात्रवृत्ति प्रदान गरिएको थियो ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

## बाढीपहिरो लक्षित सक्रियता चाहियो

**यस वर्षको मनसुनमा कोशी र कर्णाली प्रदेशमा ठूलो क्षति हुन सक्ने आंकलन गरिएको थियो । मौसम पूर्वानुमान महाशाखा तथा जल तथा मौसम विभागले यस्तो अध्ययन तथा आंकलन गर्दै कोशी लगायत जोखिमयुक्त प्रदेशहरुमा प्रतिकार्य योजनालाई तीव्रता दिन सुझाएको थियो । यसै सन्दर्भमा राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले समेत यस वर्ष ठूलो जनसंख्या मनसुनजन्य विपत्बाट प्रभावित हुने अनुमान गरेको छ । प्राधिकरणले कोशी प्रदेशमा पहिरोको जोखिम उच्च रहेको भन्दै अघिल्लो वर्षको भूकम्प र त्यसपछि जथाभावी खनिएका बाटा, बस्ती र भौतिक पूर्वाधारका कारण क्षति बढी हुन सक्ने जनाएको छ ।**

**प्राधिरणका विषयविज्ञ राजेन्द्र शर्माले पहिरोको जोखिम वर्षाको पानी व्यवस्थापनसँग जोडिएको भन्दै वर्षाको पानीको व्यवस्थापन नगरिँदा पहिरोको समस्या विकास अत्याचारको परिणाम भएको उल्लेख गरेका छन् । जल तथा मौसम विभागको प्रक्षेपणको संकेत पनि देखिइसकेको छ । भनिए जस्तै कोशी प्रदेशको हिमाली जिल्ला ताप्लेजुङमा पहिरोमा पुरिएर एकै परिवारका चार जनाको मृत्यु भएको छ । फक्ताङ्लुङ गाउँपालिकाका उपाध्यक्ष रवीन साम्रा लिम्बूका आमा, बुवा र दुई बहिनीको पहिरोमा पुरिएर मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रहरी नायव उपरीक्षक रवि रावलले उक्त घटनाको जानकारी दिँदै घरमाथिबाट मध्यरातमा खसेको पहिरोका कारण ठूलो क्षति भएको पुष्टि गरेका हुन् । सोही पहिरोमा परेर युगेन लिम्बू र उनकी छोरी घाइते भएका छन् ।**

**बुधबार रातिदेखि परेको अविरल वर्षाका कारण फक्ताङ्लुङ गाउँपालिका क्षेत्रमा छ वटा पुल बगाइसकेको छ । पुल बगाएका कारण यातायातका साधन सञ्चालन हुन नसक्दा स्थानीयलाई कष्ट थपिएको छ । वर्षा लाग्न नपाइ भएको विनाशले आउँदा दिनहरु कति कष्टपूर्ण र जोखिमयुक्त हुन्छन् सहजै अनुमान गर्न सकिन्छ । यसै पनि मानवीय गतिविधिका कारण पृथ्वीको जलवायु तथा वातावरण प्रभावित भइरहेको छ, त्यसमाथि जल तथा मौसम विभागको अनुमान जस्तै मनसुनजन्य विपत् पूर्वी नेपालबाट प्रारम्भ भएको छ । यस्तोमा अझै पनि सरकार, सम्बद्ध पक्ष र आमनागरिक सचेत नहुने र प्रकृतिबिरुद्धको गतिविधि नियन्त्रण नगर्ने हो भने परिणाम भयावह हुने पक्का छ ।**

**सानो भूगोल भइकन पनि मौसम तथा हावापानीको विविधता नेपालको विशेषता नै हो । पूर्वी नेपालमा वर्षा र बाढीपहिरोको कष्ट बढेको बेला मध्य तथा पश्चिम तराईमा भने असाध्यै गर्मी छ । जहिल्यै चिसो हुने काठमाडौं उपत्यकामा समेत यो वर्ष गर्मी बढेको छ । भारतको सिक्किम हुँदै नेपाल प्रवेश गरेको मनसुनले मानवीय क्षति गर्नुअघि पुल बगाएको थियो भने काबेली तेस्रो जलविद्युत् परियोजनामा कार्यरत मजदुर सविन राईको मृत्यु भएको थियो । वर्षा शुरु अघिका यी तस्वीरहरुले सम्भावित जोखिमको संकेत गरेको छ र उद्धार तथा पुनर्स्थापनातर्फ सचेत गराएको छ । सरकारले यी सबै परिस्थितिको सामना गर्ने अग्रसरता र सक्रियता तत्काल बढाउनुपर्छ ।**

### सामाजिक सञ्जाल



दक्षिण अफ्रिकासँग पराजयका बावजुद नेपाली क्रिकेट खेलाडीहरुले करोडौंको मन जितेका छन् । दक्षिण अफ्रिका जस्तो शक्तिशाली 'क्रिकेट राष्ट्र'सँग जुनस्तरमा नेपालले प्रतिस्पर्धा गऱ्यो, नेपालको क्रिकेट इतिहासमा सुनौलो अक्षरले लेखिने छ । नेपाल गौरवान्वित भयो ।

**– कमल थापा**



जम्मा १ रनले हारको पीडा मन चिमोट्नेखालको हुन्छ । तर, दक्षिण अफ्रिका जस्तो अनुभवी, बलियो टेस्ट टीमलाई पराजयको ढोकासम्मै धकेल्ने आजको युवा नेपाली क्रिकेट टीमलाई बधाई छ ।

**– बिजयकुमार पाण्डे**



टेस्ट क्रिकेट खेल्ने विश्वका १२ राष्ट्रिय टिम मध्येको बलियो साउथ-अफ्रिका टिमसँगको सानदार खेल प्रदर्शनका लागि नेपाली क्रिकेट टिमलाई बधाई ! भर्खर बामे सर्दै गरेको नेपाली क्रिकेटमा '१ रनको हार'भित्रको सफलताको छुट्टै महत्व छ।

**– सूर्यराज आचार्य**



खेलमा हारजित हुन्छ, साउथ अफ्रिका जस्तो क्रिकेटको पावर हाउसलाई आच्छु-आच्छु बनायो नेपालले, नेपाली खेलाडीप्रति गौरव छ । शानदार पर्फर्मेन्स ।

**– निर्मल प्रसाई**

# अझै घट्न सकेन उच्च मातृ मृत्युदर



**डा. भोला रिजाल**



विश्वमा अति उच्च मातृ मृत्युदर भएका मुलुकहरू मध्ये नेपाल पनि एक हो। गर्भावस्थामा, प्रसूति अवस्थामा वा गर्भावस्था अन्त भएको ४२ दिनभित्रमा कुनै पनि कारणले हुने महिलाको मृत्युलाई मातृ मृत्यु भनिन्छ। मातृ मृत्युदर उच्च रहनुको अर्थ देशको स्वास्थ्य अवस्था अझै जटिल अवस्थामा रहेको छ। स्वीट्जरल्याण्ड ०.००१ प्रतिशत रहेको छ भने नेपाल अझै तीन अङ्कको अवस्थामा छ। २०७८ को जनगणनामा मातृ मृत्युदर एक सय ३० अङ्क (प्रति लाख जीवित जन्ममा)ले घटेर औसत सुधार देखिए पनि ग्रामीण भेगमा अवस्था दर्दनाक छ।

२०६८ सालको जनगणना अनुसार प्रति लाख जीवित जन्ममा मातृ मृत्युदर दुई सय ८१ जना थियो। पछिल्लो जनगणनामा यो दर सुधार भएर एक सय ५१ जनामा झरेको छ। अझै ग्रामीण तथा विपन्न समुदायका महिलाहरूको गर्भवती/सुत्केरी अवस्थामा ज्यान जाने क्रम रोकिएको छैन। एक त गर्भजाँच तथा उपचारका लागि स्वास्थ्य संस्थासम्म सहज पहुँच पुग्न सकिरहेको छैन भने अर्कोतर्फ स्वास्थ्य संस्थाहरूमा भरपर्दो स्वास्थ्य सेवा पाउन सक्ने अवस्था समेत बनिसकेको छैन। जसका कारण ग्रामीण भेगका महिलाको जीवन अझै पनि जोखिमपूर्ण छ। कतिपय घरपरिवारमा स्वास्थ्य सचेतना पुग्न सकिरहेको छैन, कतिपय अवस्थामा भइरहेका हेलचक्र्याइँले पनि गर्भवती/सुत्केरी अवस्थामा स्वास्थ्य सेवा नपाउँदा महिलाहरूको अकालमा ज्यान जाने गरेको छ। मातृ मृत्यु अध्ययन प्रतिवेदन २०७८ ले मातृ मृत्यु निम्तिनुमा स्वास्थ्य संस्थामा पुग्न नै ढिलाइ पनि एउटा कारण देखाएको छ।

औसतमा मातृ मृत्युदर घटेको देखिए पनि तराईका मुसहर, चमार, डोम लगायत दलित, जनजाति र सीमान्तकृत समुदायका गर्भवती, सुत्केरीलाई मात्रै हेर्ने हो भने ती समुदायमा मातृ मृत्यु अझै विकराल छ। मातृ मृत्युदर शहरी क्षेत्रमा घटे पनि ग्रामीण भेगमा उस्तै रहेको छ। साक्षरता दर सुधार हुँदै गए पनि स्वास्थ्य सचेतना समुदाय तहसम्म पुग्न नसक्दा बालविवाह र किशोरावस्थामै आमा बन्ने, बच्चा जन्माउने क्रममा जटिलता आउने, समयमा उपचार नपाउने कारणले मातृ मृत्युदरको जोखिम यथावत छ।

पछिल्लोपटक भएको अध्ययन अनुसार नेपालमा हुने मातृ मृत्युमध्ये सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा भएको देखिएको छ। नेपाल मातृ मृत्यु अध्ययन प्रतिवेदन, २०७८ अनुसार देशका सात प्रदेश मध्ये लुम्बिनी प्रदेशमा मातृ मृत्युदर उच्च रहेको देखिएको हो। अध्ययन प्रतिवेदन अनुसार लुम्बिनीमा प्रति एक लाख जीवित जन्म हुँदा मातृ मृत्यु दुई सय सात रहेको छ। त्यसपछि कर्णाली प्रदेशमा एक सय ७२, गण्डकी प्रदेशमा एक सय ६१, कोशी प्रदेशमा एक सय ५७, मधेश प्रदेशमा एक सय ४०, सुदूरपश्चिम प्रदेशमा एक सय ३० र सबैभन्दा कम बागमती प्रदेशमा ९८ आमाहरूको मृत्यु भएको छ। लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये बाँकेमा ३६, रुपन्देहीमा ३०, कपिलवस्तुमा २८, दाङमा १५, बर्दियामा १४, नवलपरासी पश्चिम र गुल्मीमा सात-सात, रोल्पा र प्युठानमा छ-छ र अर्घाखाँची र पाल्पामा चार-चारजना आमाको मृत्यु भएको यो अध्ययनले देखाएको छ। गर्भावस्थादेखि नै स्वास्थ्य ख्याल नगर्दा मातृ मृत्यु निम्त्याइरहेको छ। प्रत्येक पालिकामा १५ शय्याको अस्पताल भनेको छ, त्यहाँ दक्ष तालिम प्राप्त जनशक्ति छैनन्, जटिल डेलिभरी ह्यान्डल गर्ने र शल्यक्रिया सेवा त पुग्नै सकेको छैन। प्रसूति सेवा दिने स्वास्थ्य संस्थामा २४सै घण्टा विशेषज्ञ सेवा उपलब्ध हुनुपर्छ।

स्वास्थ्य मन्त्रालयले सन् १९९८ मा 'सुरक्षित मातृत्व' रणनीति तयार गरेदेखि नै आमा सुरक्षाको सवालमा ठोस कार्यहरू हुँदै आएको छ। गर्भावस्था, प्रश्रव र सुत्केरी अवस्थामा मृत्यु निम्त्याउन सक्ने जोखिम टार्न राष्ट्रियस्तरमा सुरक्षित मातृत्व कार्यक्रम प्रभावकारी देखिएको छ। मातृ मृत्युदरको अवस्था अन्य देशहरूमा पनि उत्तिकै जटिल रहेको देखिन्छ। संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोष (युएनएफपीए)ले गत माघमा प्रकाशन गरेको 'मातृ मृत्युदरको प्रवृत्ति' अध्ययन अनुसार विश्वमा प्रत्येक दुई मिनेटमा एक आमाको मृत्यु भइरहेको छ। अर्थात् हरेक दिन झण्डै आठ सयजना आमाले अकालमा ज्यान गुमाइरहेका छन्। सन् २००० देखि २०२० सम्म मातृ मृत्युदर सम्बन्धी विश्वव्यापी उक्त अध्ययन अनुसार सन् २०२० मा मात्रै विश्वभर करिब दुई लाख ८७ हजार मातृ मृत्यु भएको उल्लेख छ।

**गर्भपतनले ल्याएर सुधार**

मातृ मृत्यु अति उच्च हुनका कारणहरू मध्ये असुरक्षित गर्भपतन एउटा प्रमुख कारणको रूपमा रहेको छ। विभिन्न अध्ययन, अनुसन्धानहरूले पनि गर्भपतन र मातृ मृत्युदरबीच घनिष्ठ सम्बन्ध रहेको देखाएका छन् । अस्पतालमा आधारित एक अध्ययनबाट अस्पतालमा हुने कुल मृत्युमध्ये आधाभन्दा बढी मातृ मृत्यु गर्भपतनका कारणले हुने गरेको छ। त्यसैले देशमा विद्यमान मातृ मृत्युदरको उच्च अवस्थालाई न्यून गर्न एउटा उपाय भनेको सुरक्षित र कानूनी गर्भपतनको सुविधा दिनुपर्छ भनेर मैले १९८२ मै अभियान शुरु गरेको थिएँ। त्यतिबेला मेरो कुरालाई धेरैले राम्रो मानेका थिएनन्। मैले देशका विभिन्न ग्रामीण बस्तीहरूमा असुरक्षित ढङ्गबाट गर्भपतन गराइएका र त्यसले मातृ मृत्युदरलाई बढाएको हुँदा गर्भपतनलाई कानूनी मान्यता दिनुपर्छ भनेको थिएँ। सुरक्षित गर्भपतले मातृ मृत्युदरलाई कम गर्न सकिन्छ भन्ने मेरो ठम्याइ थियो।

यसलाई ५० प्रतिशतमात्रै घटाउन सकियो भने पनि ठूलो उपलब्धि हुन सक्दछ भनेर मैले लगातार सुरक्षित गर्भपतनको कानूनी मान्यताको वकालत गर्दै रहेँ। जे होस् १३ वर्षपछि सन् २००२ मा मुलुकी ऐनको एघारौँ संशोधन गरी सरकारले कानून ल्यायो। गर्भावस्था समाप्त गर्नका लागि सुरक्षित विकल्पहरू भएका महिलाहरू, जसले असुरक्षित गर्भपतनसँग सम्बन्धित अनुचित मृत्युको संख्या घटाएको छ। तर, अहिले २८ हप्ताको पनि गर्भपतन गर्न सकिने गरी कानून संशोधन गरिएको छ, त्यो आमाको स्वास्थ्यको लागि मात्र नभएर शिशुको जन्मन पाउने अधिकारको पनि ठाडो उल्लङ्घन हो। किनकि २६ हप्ताकै गर्भलाई सकुशल जन्माउन सकिन्छ।

**मातृ मृत्युदर घटाउने उपाय**

सरकारको मातृ सुरक्षा योजना प्रशंसनीय छ। त्यतिले मात्र पुग्दैन। मातृ मृत्युदर घटाउन स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ। पढेका मानिस बाहिर जाने क्रमले जनशक्ति अभाव भएको छ। कुनै पनि सरकारी अस्पतालमा शल्यक्रियाका लागि छ महिनाभन्दा बढी समय कुर्नुपर्ने अवस्था छ। त्यसैले मातृ मृत्युका बृहत् निर्धारकलाई उचित सम्बोधन गर्नेगरी रणनीति तथा कार्यक्रम निर्माण गर्नुपर्ने, राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत हवाई एम्बुलेन्स कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनुपर्ने, दक्ष जनशक्तिको उचित र शीघ्र व्यवस्थापन गरिनुपर्ने, सेवाको गुणस्तरमा थप पहल गरिनुपर्ने, विकासका सबै पहलमा स्वास्थ्यलाई केन्द्रविन्दुमा राखिनुपर्ने देखिन्छ।

सरकारले दिगो विकास लक्ष्य अन्तर्गत सन् २०३० सम्म मातृ मृत्युदर ७० जना प्रतिलाखमा झार्ने लक्ष्य राखेको छ। स्वास्थ्य क्षेत्रमा पाँच प्रतिशतभन्दा कम बजेट विनियोजन गरिएबाट यो लक्ष्य हासिल गर्न सम्भव छैन। समाज स्वस्थ्य नभएसम्म स्वास्थ्य बच्चा जन्माएर उचित शिक्षाको बन्दोबस्त गर्न सकिँदैन। देशका विकट ठाउँहरूमा सुलभ र गुणस्तरीय स्वास्थ्य संस्था स्थापनासँगै गर्भावस्थाको पहिचानदेखि आमार बच्चाको अवस्था थाहा पाउने जनशक्ति र उपकरणको व्यवस्था हुनु पर्दछ। त्यस्ता स्वास्थ्य संस्थामा भिडियो एक्सरे, ल्याबको व्यवस्था भएमा शिशु र आमाको स्वास्थ अवस्था जानकारी हुन्छ र समयमै सुरक्षित ढङ्गबाट बच्चा जन्माउन सकिन्छ।

सुत्केरी अवधिमा हुने मृत्युलाई मात्रै मातृ मृत्युका रूपमा हेरिएको हुँदा सुत्केरी अगावै वा भइसकेपछिको स्वास्थ्य स्थितिमा ध्यान नदिने परिपाटीको अन्त्य हुनु जरुरी छ। गर्भवतीमा जटिलता देखिए स्वास्थ्य संस्था गइहाल्ने, समयमै स्वास्थ्य संस्थामा गएर प्रसूति हुने, खानपान र आराममा ध्यान दिने हो भने मातृ मृत्यु घटाउन सहज हुने देखिन्छ। मातृ मृत्यु घटाउन स्थानीय तह र स्वास्थ्य संस्थाको भूमिका महत्त्वपूर्ण रहन्छ।

उचित समयमा रेफर नहुँदा गर्भवती आमाको मृत्यु हुने, शिशुको मृत्यु हुने, अस्वस्थ शिशुको जन्म हुने समस्या देखिएको छ। प्रसूति समयमा घरबाट स्वास्थ्य संस्था लैजाँदा एम्बुलेन्स खोज्दा, एउटा स्वास्थ्य संस्थाबाट अर्कोमा लग्ने क्रममा ढिलाइ हुँदा आमा र शिशुको मृत्यु हुने घटना देखिएकाले स्थानीयस्तरमै गर्भवतीलाई परीक्षण र प्रसूति हुन स्वास्थ्य संस्था लैजान चेतना प्रवाह गर्ने, शून्य होम डेलीभरी कार्यक्रम सञ्चालन गर्न सक्छन्।

# घरेलु हिंसा सामाजिक समस्या





**कल्पना दाहाल**

नेपालमा घरेलु हिंसा गम्भीर सामाजिक समस्या हो। जसको प्रभाव विशेषगरी महिलामाथि पर्ने गर्दछ। धेरै महिलाहरुको जीवनसाथीले मदिरा सेवन गर्ने र दुर्व्यवहार गर्ने घटना सामान्य बनिसकेको छ। यस प्रकारको हिंसाले महिलाहरुको शारीरिक, मानसिक र भावनात्मक स्वास्थ्यमा गहिरो असर पुऱ्याउँछ।

**मदिरा सेवन र हिंसाको चक्र**

घरधन्दाका पुरुषहरुले दैनिक मदिरा सेवन गर्दा उनीहरुको व्यवहार नियन्त्रण बाहिर जान्छ। नशाको प्रभावले उनीहरु आक्रामक बन्छन् र आफ्नो पत्नीसँग दुर्व्यवहार गर्न थाल्छन्। यो दुर्व्यवहार केवल शारीरिक हिंसा मात्र नभएर गाली-गलौज र मानसिक यातनामा पनि परिणत हुन्छ।

**शारीरिक र मानसिक असर**

शारीरिक हिंसा र दुर्व्यवहारले महिलाहरुको शारीरिक स्वास्थ्यमा गम्भीर असर पुऱ्याउँछ। नीलडाम, चोटपटक, र कहिलेकाहीं हड्डी भाँचिने घटनासम्म पनि हुन सक्छ। मानसिक स्वास्थ्यको कुरा गर्दा, यस्ता महिलाहरुमा तनाव, डिप्रेशन, र आत्मसम्मानको कमी देखिन्छ। उनीहरु लगातार डर र असुरक्षाको अनुभूति गर्छन्, जसले गर्दा उनीहरुको आत्मविश्वासमा कमी आउँछ।

**समाजको भूमिका**

समाजले यस्ता घटनाहरुलाई बेवास्ता गर्न हुँदैन। परिवार, छिमेकी र स्थानीय समुदायले यस्ता महिलाहरुलाई सहयोग गर्नुपर्छ। पीडित महिलाहरुको साहस बढाउन र उनीहरुलाई न्याय दिलाउन समाजको सहयोग आवश्यक छ। यसका साथै, सरकारले पनि घरेलु हिंसाबिरुद्ध कडा कानूनी प्रावधान र उनीहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ।

**समाधानको उपाय**

**शिक्षा र चेतना अभिवृद्धिः** महिलाहरुलाई शिक्षित र सचेत गराउनुपर्छ। शिक्षाले उनीहरुलाई आत्मनिर्भर बनाउन मद्दत गर्दछ र घरेलु हिंसाबाट बच्न सहयोग पुऱ्याउँछ।


**कानूनी सहायता :** घरेलु हिंसा भोगिरहेका महिलाहरुलाई कानूनी सहायता प्रदान गरिनुपर्छ। पुलिस, एनजीओ, र अन्य सम्बन्धित संस्थाहरुले महिलाहरुलाई सहयोग र संरक्षण दिनुपर्छ।

**परामर्श सेवाः** मानसिक स्वास्थ्य सुधारका लागि परामर्श सेवा उपलब्ध गराउनुपर्छ। यसले महिलाहरुको मानसिक सन्तुलन कायम राख्न मद्दत पुऱ्याउँछ।

**निष्कर्ष**

महिलाहरुको जीवनमा घरेलु हिंसाको प्रभाव अत्यन्तै गहिरो छ। यस समस्याको समाधानका लागि समाज र सरकार दुबैले एकजुट भएर काम गर्नुपर्छ। महिलाहरुको सम्मान र सुरक्षाको लागि सबैको सामुहिक प्रयास आवश्यक छ। घरेलु हिंसामुक्त समाज निर्माण गर्न हामी सबैले आफ्नो भूमिका निर्वाह गर्नुपर्ने समय आएको छ।

# गाउँ आएको बाटोमा राई माइलाको सपनाहरू पिल्सिँदा



रविकिरण बान्तवा

चलचित्र 'गाउँ आएको बाटो' सिनेमा हलहरुमा प्रदर्शन भइरहेको छ । जेठ २५ गतेबाट रिलिज भएको चलचित्रले दर्शकहरुलाई हलसम्म आकर्षित गरिरहेको छ । चलचित्र हेरिसकेपछि सबैले आ आफ्नै तवरले समिक्षा गरे पनि दर्शकहरुले एक पटक आफ्नो बाल्यकालतिर फर्किएका कुरालाई भने नकार्न सक्दैनन् । गाउँलाई सम्झिएका छन् । बाटो पुगेपछि अनदेखा गरिएको यथार्थलाई उनीहरुले पर्दामा हेरेर आत्मासाथ गरिरहेको स्वीकारेका छन् । हुन त 'गाउँ आएको बाटो' आफैमा एउटा प्रतिकात्मक नाम हो । बाटो जस्तै प्रविधिहरु आएका छन् । परदेशिएकाहरुले फर्किदा ल्याएका संस्कारहरु होलान् । विकास र आधुकिकतामा उक्लिँदै गर्दा यसले निम्ताएको एउटा समस्यको अंश हो- 'गाउँ आएको बाटो' ।

नीति-निर्माताहरुको अदुरदर्शिताका कारण हामीले देखिरहेका हुन्छौं किसानका दूध सडकै भरि पोखिएका । चियाका मुनाहरु बाटो छोप्ने गरी छरिएका हुन्छन् भने तीनपाने भुल्डुङका भुल्डुङ सडकपेटीमा बगिरहेका हुन्छन् । तर, कोक र बियर अनि रम कतै नपोखी बोतलका बोतल गाउँका कुनाकाप्च पुगिरहेका हुन्छन् । फ्रुटी र चाउचाउ बच्चा-बच्चाका हातहरुमा सुरक्षित पुगिसकेका छन् । पाठ्यपुस्तकमा आफ्नो गाउँको इतिहासभन्दा गल्छी काटिएर बनाएको काठमाडौं पढाइन्छ ।

नेपालभित्र त्यस्ता धेरै नेपालहरु छन् जहाँ विकसित जिल्लाका एउटा नागरिकलाई सामान्य लाग्ने सपना पूरा गर्न अर्को कुनै जिल्लामा बसोबास गर्ने नागरिकहरुलाई बर्षौं संघर्ष गर्नुपर्ने हुन्छ । त्यस्तै एउटा प्रतिनिधि पात्रको रुपमा उभिएका छन् दयाहाङ 'राई माइला' भएर । उसको एउटा छोरा छ बिन्द्रे अनि श्रीमती । तीन सदस्य परिवार भएको राई माइँला बासको चोयाले बुनेका बिभिन्न हस्तकलाहरु बेचेर गुजारा चलाइरहेको हुन्छ । ज्यालाको रुपमा अन्नहरु नै भए पनि केही फरक नपर्ने माइलाको जीवनमा तब समस्या आउछ जब गाउँ आएको बाटो हुँदै बस गाडी चल्न थाल्छ ।

पालसहित प्लास्टिकका सामग्रीहरु गाउँमा आइ पुग्न थालेपछि उसका सिपहरु उपयोगविहीन बन्न पुग्छन् । मतलब माइला चोयाको सामग्रीबाट स्वरोजगार बनेका थिए, तर गाडी गुडन थालेपछि माइला वेरोजगार बनेका छन् । हिजो अन्नपातमा भए पनि कारोबार हुने ठाउँमा आज अनिवार्य पैसामा कारोबार गर्नुपर्ने बाध्यता आइपरेको छ । हुन त लाखौं दाममा बिर्की हुने जग्गा, बाटोको लागि उसले सहयोग गरेका थिए । बिजुलीबत्तीको आयोजनामा केही रकम हालेका पनि छन् । तर, बिजुलीको बिल तिर्न नसक्दा लाइन काटिदिएको छ । दान दिएको जग्गाको बाटो हुँदै व्यापार गर्ने रिटायर लाहुरेले उसलाई ऋण दिन सधैं असमर्थ हुन्छ ।

माइलाको भाई परदेशबाट टेलिभिजन लिएर गाउँ आइपुग्छ । टेलिभिजन गाउँ भित्रिएसँगै बिन्द्रेको पनि रहरहरु बाग्लिँदै गएको छ । माइलाको छोरी सानै उमेरमा हराएको १० बर्ष बितिसक्न लागेको छ । सकेसम्म छोराको रहर पूरा गर्न ऊ कोशिस गरिरहन्छ । एकदिन यस्तो घटना घट्छ, ऊ छोराको एउटा डिमाण्ड पूरा गर्न मरिहत्ते गरेर लागी पर्छ । रक्सी बेच्छ पुलिसले पक्रिन्छ । चोयाको सामग्रीहरु शहर पुगेर हप्तौं लगाएर बेच्न खोज्दा पनि सोचे जस्तो बिक्री हुँदैन । ऊ फर्किन्छ शहरबाट आफ्नो चोयाको सामग्रीहरु लिएर अनि ऊ सँगै हरेकमाल




५० रुपैयाँमा बिक्री गर्ने व्यापारी प्लास्टिकको सामग्री लिएर उसको गाउँ पुग्छ ।

बान्तावा राईको पृष्ठभूमिमा रहेर बनाएको चलचित्र जति सामान्य कथा लाग्छ । यसले लिएर हिँडेको भाव भने निक्कै गम्भीर छ । विकासको मोडलमा देश हिँडीरहँदा रैथाने सिप र कलाहरुको बजारी करण कतिको भइरहेको छ त ? स्थानीय आदिबासीहरुको संस्कार र संस्कृती अनि भाषा प्रति राज्य कति गम्भीर छ ? विकासको फाइदा पहुँचमा हुने र सम्पन्न व्यक्तिहरुले लिइरहँदा गरिबीको रेखामुनि रहेका स्थानीयहरुको बारेमा सोच्ने कि नसोच्ने ? स्थानीय पहिचान अनि स्रोत र साधानको संरक्षणसहितको विकासको परिकल्पना गर्न सकिँदैन ? यी त प्रतिनिधिमूलक प्रश्नहरु मात्र हुन् ।

कलाकारहरुको जीवन्त अभिनय रहेको यो फिल्म, माइला पात्र जस्तै अन्तरमुखी छ । दृष्य र विम्वहरुद्वारा धेरै कुराहरु व्यक्त गरिहेको यो फिल्म विकास बिरोधी भने पक्कै होइन, तर ऊ चाहन्छ विकासले गाउँ र शहरको सन्तुलन मिलाइ राखोस् । बलिउड र हलिउडबाट प्रभावित फिल्म हेर्ने दर्शकहरुलाई यो फिल्म विस्वाद लाग्न सक्छ । साच्चै भन्ने हो भने आयातित कला र संस्कृतीको अतिक्रमणमा परिरहेको फिल्म क्षेत्र र त्यसैको सेरोफेरोमा चेतना स्तरलाई विकास गरिरहेको दर्शकहरुको लागि यो फिल्म बिद्रोह नै हो भन्दा पनि फरक नपर्ला ।

आँखाभन्दा मस्तिष्कले ज्यादा हेर्नुपर्ने यो फिल्मका निर्देशक नवीन सुब्बा हुन् । उनले यो फिल्मलाई रचनात्मक र सिर्जनात्मक रुपमा उत्कृष्ट बनाएका छन् । क्यामरा पर्सनदेखि कला निर्देशक हुँदै इडिटरसम्मले ध्यानपूर्वक काम गरिएको देखिन्छ । कथाप्रति सचेत हुँदै पटकथामा सानो-सानो कामहरुलाई ध्यान दिएको आभाष हुन्छ । दृष्यसँगै प्रयोग गरिएको साउण्डमा पनि जीवन्त खोजिएको छ । हाम्रो कथाहरु विश्वसामु पुग्नु पर्छ भनेर महेश राईले लेखेको कथालाई 'गाउँ आएको बाटो' बनाउन लगानी गर्ने विश्वभर छरिएर रहेका राई समुदायका सम्मानित व्यक्तिहरु उत्तिनै उत्कृष्ट छन् जति यो फिल्म छ ।

विश्वको विभिन्न फिल्म फेष्टिबलहरुमा छनोट भई आफ्नो कथा भनेको राई माइलाले 'गाउँ आएको बाटो' मार्फत गरिबी नै देखाउनुपर्छ त भन्ने कतिपय दर्शकहरुमा प्रश्न उठ्न सक्ला । यो स्वभाविक पनि हो । तर, विश्वले हेर्ने आँखाबाट वास्तविकतामा नेपाल राई माइलाको रेखामा नै छ । यहाँको राजनीतिक चलखेल, भ्रष्टाचार र प्राकृतिक स्रोतहरुको दोहनले देश गरीब बन्दै गएको हामी नकार्न सक्दैनौ । अहिले पनि हामी विश्वमा गरिबी देशको सूचीमा भुटानभन्दा अगाडि नै छौं । अन्तर्राष्ट्रिय मुद्राकोषले २०२४ अप्रेलमा तयार पारेको विश्व आर्थिक दुष्टिकोण अनुसार नेपाल अति गरिबीको सूचीबाट ४१औं स्थानमा छ भने भुटान ८३औं स्थानमा छ । वर्तमान अवस्थामा देशले लिएको ऋणको दायित्वप्रति व्यक्ति नेपाली जनताको थाप्लोमा ७९ हजार दुई सय रुपैयाँ पर्न जान्छ । कामना गर्नुहोस् कुनै दिन देश 'राई माइला' जस्तै पलायन नहोस् ।

चलचित्र हेरेर निस्कँदा राई माइलाको भोगाइले मतिष्कमा हिर्काइ रह्यो । उसको दुःखमा न त हौसला दिने ऊर्जा बनेर भाइ उभिदियो न त आशाको किरण बनेर लाहुरे दाजुले नै सहयोग गऱ्यो । गाउँमा परिस्थितिहरुले पिल्सिँदै गएका माइलालाई न त उसको आस्थाहरुले नै रोक्न सक्यो न त उसको समुदायले नै । वर्तमान अवस्थामा नेपालका आदिबासी जनजातिहरुले राज्यलाई एउटा औंला सोझ्याएर खबरदारी गरिरहँदा बाँकी औंलाहरुले समुदायतिरै नै प्रतिप्रश्न पनि गरिरहेको छ- 'गाउँ आएको बाटो' मार्फत । भलै यो राई संस्कारमा बनिएको चलचित्र होस् तर समग्रमा आदिबासीको मूल मुद्दा र समस्याहरु त एउटै हो नि होइन ?

माइला जाँदाजाँदै बासको सामग्रीप्रति विश्वास टुटेपछि उसले रिस र गुनासो एकै पटक पोख्छ सबै बास ढालेर । अब गाउँ बसिरहनुको औचित्य ऊ देख्दैन । पितृपुर्खाहरुले उसको नाममा हस्तारण गरिदिएको घरजग्गा र माङ गाउँमा नै छाडेर उनीहरु परदेशिनुको विम्वले समुदायलाई एक पटक झक्झकाइरहेको छ । बिन्ती राई माइला जस्ता पात्रहरुलाई रोक । आफ्नो सपनाका मलामीहरुलाई त्यही छाड्दै ऊ बस चढेर हुइकिन्छ गाउँभन्दा टाढा धुलो उडाउँदै । त्यही धुलोमा छुटी जान्छ बिन्द्रेको पुकार 'पापा मलाई टिभी चाहिँदैन... ।'

# महिला मुक्ति अभियानद्वारा मैनबत्ती बनाउने तालिम




**बिर्तामोड, असार १।** महिलाहरुलाई सिप सिकाएर आर्थिक रुपमा सक्षम बनाउने उद्देश्यले महिला मुक्ति अभियान झापाले दुई दिने मैनबत्ती बनाउने तालिम सम्पन्न गरेको छ ।

बिर्तामोड नगरपालिका वडा नं. ५ को आर्थिक सहयोगमा वडामा रहेका ४० जना महिलालाई दुई दिनसम्म मैनबत्ती बनाउने तालिम प्रदान गरिएको महिला मुक्ति अभियानकी अध्यक्ष राधा सुब्बाले जानकारी दिइन् ।

जेठ ३१ र ३२ गते सञ्चालन भएको कार्यक्रममा ५ नम्बर वडाका महिलाहरुको सहभागिता रहेको थियो । अभियानकी अध्यक्ष सुब्बाको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड-५ का वडाध्यक्ष रोहित प्रसाईको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा वडा सदस्यहरु दुर्गा शिवाकोटी, मालती विक, बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका अध्यक्ष एवम् महिला मुक्ति अभियानका सल्लाहकार मेघराज बाँस्तोला, महिला उद्यमी संघकी अध्यक्ष सुस्मा पौडेल, लायन्स क्लवकी अध्यक्ष निरु ओली, छठ महिलाकी संस्थापक अध्यक्ष हेमलता चौधरी, देवी माविका विद्यालय व्यवस्थापक समितिका अध्यक्ष आशिष वन, वडा नं. ५ की स्वास्थ्यकर्मी निर्मला नेपाल लगायतको आतिथ्य रहेको थियो ।

दुई दिनसम्म सञ्चालन भएको तालिममा रवीना अधिकारीले सहजीकरण गरेकी थिइन् । तालिमले आफूहरुलाई सिप सिक्न प्रेरित गरेको सहभागीहरुले बताएका थिए । सहभागीहरुले महिला मुक्ति अभियानले सिपमूलक तालिम प्रदान गरेर स्वरोजगारतर्फ प्रेरित गरेको भन्दै प्रशंसा गरेका थिए ।

संस्थाकी उपाध्यक्ष अनिता पुरीले स्वागत गरेको कार्यक्रममा औचित्य माथि प्रकाश पूर्व सचिव विनिता तामाङले पारेकी थिइन् ।कार्यक्रमको सञ्चालन सचिव देवका भट्टराईले गरेको कार्यक्रममा सहभागीहरुलाई प्रमाण-पत्र वितरण गरिएको थियो ।

# द नेस्ट एजुकेशनको स्कलरसीप कार्यक्रम

**बिर्तामोड, असार १।** द नेस्ट एजुकेशन कन्सल्टेन्सी बिर्तामोडले एक दिने छात्रवृत्ति कक्षा सम्पन्न गरेको छ ।

बिर्तामोडस्थित कार्यालयमा विभिन्न मुलुकमा अध्ययनका लागि जााने विद्यार्थीलाई लक्षित गरी कन्सल्टेन्सीले 'द नेस्ट स्कलरसीप २०२४' सम्पन्न गरेको हो । स्कलरसीपलमा सहभागी विद्यार्थीलाई आयल्स तथा पिटी कक्षाका साथै बिभिन्न अफरहरु प्रदान गरिने र ५० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको कन्सल्टेन्सीका बिर्तामोड मेनेजर खड्ग ताम्लिङले जानकारी दिए ।

स्कलरसीप अन्तर्गत युटिएस कलेज अस्ट्रेलिया, कोलोराडो मेस युएसए, ह्वीलियम पिर्टसन, यूडब्लुई बिस्ट्रोल युके, क्यानाडा, न्यूजील्याण्ड, डेनमार्क,



आयरल्याण्ड, जापान लगायतका सात वटा देशको बारेमा जानकारी दिने उद्देश्यका साथ कार्यक्रम गरिएको मेनेजर ताम्लिङले बताए ।

द नेस्ट स्कलरसीप कार्यक्रममा रविश्मा साह, महिमा थापा, रोजिका पोखरेल, सृजन घिमिरे, विवेक बिमली, रोशन पौडेलले लगायतले विद्यार्थीहरुलाई अन्तर्राष्ट्रिय स्तरका विश्व विद्यालयका बारेमा जानकारी गराएका थिए । विद्यार्थीलाई विभिन्न देशको शैक्षिक अवस्था तथा कानूनी प्रक्रियाका बिषयमा उनीहरुले प्रशिक्षण दिएका थिए ।

त्यस्तै विद्यार्थीलाई सात वटा देशका विश्वविद्यालयमा कसरी स्कलरसीप प्राप्त गरेर अध्ययन गर्न सकिन्छ भन्ने विषयमा समेत जानकारी दिइएको थियो । स्कलरसीप कार्यक्रममा झापासहित विभिन्न जिल्लाका करिब दुई सय विद्यार्थीको सहभागिता रहेको थियो । सन् २०१७ देखि द नेस्ट एजुकेशन कन्सल्टेन्सीले बिर्तामोडमा शैक्षिक परामर्शका रुपमा काम गर्दै आएका छ ।


ताजा र विश्वसनीय समाचारका लागि purwanchaldaily.com लगइन गरौ ।

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | | ९८१६९४०१७३ |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | मे १ ज १६७० |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | |

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

**नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।**
Youtube Channel : Nishat M jotic kendra

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**




बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५


दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**शोवर्मा पारखीहरुका लागि यम्मी शोवर्मा पोइन्ट अब बिर्तामोडमा**



सम्पर्क
शनिश्चरे रोडदेखि अतिथि सदन जानेबाटो गोर्खा डिलर छेउ
मोबाइल : ९८१४०२१५१७

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, शुभ खबर सुन्न पाइनेछ, मान-सम्मानमा वृद्धि हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रश्ताव आउने छ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, मन प्रसन्न रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आजको दिन मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
समय बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
बोल्दा विचार पुऱ्याउनुहोला, आज नयाँ वश्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिनेछ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ, ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिनेछ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।